आज मिति २०७७ साल श्रावण ५ गते सोमवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिक
नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तप
बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफि |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०४।०५ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

## प्रस्तावहरु

१. करार सेवामा चिकित्सक नियुक्तिको लागि विज्ञापन गर्ने सम्वन्धमा ।

२. कार्यसम्पादन मूल्यांकन फर्म स्वीकृत गर्ने सम्वन्धमा ।

३. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम-२ सम्झौता तथा योजना स्वीकृत सम्वन्धमा ।

४. भुक्तानी दिन बाँकी योजनाहरुको विवरण सम्वन्धमा ।

५. भुक्तानी दिन बाँकी करहरुको रकम सम्वन्धमा ।

६. जिल्ला दररेट लागु गर्ने सम्वन्धमा ।

७. सडक आयोजनाको म्याद थप सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य सम्वन्धी परामर्श सेवा उपलब्ध गराउन नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा कामकाज गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम एक जना चिकित्सक (डाक्टर) सेवा करारमा नियुक्ति गरी तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | ४०,३८०।० | |
| २. | मासिक स्थानीय भत्ता | २०,१९०।० | |
| ३. | मासिक महंगी भत्ता | २,०००।० | |
| ४. | मासिक आकष्मिक सेवा सञ्चालन भत्ता | ४०,३८०।० | |
| ५. | पोशाक भत्ता (वार्षिक) | १०,०००।० | चैत्र महिनामा |

निर्णय नं. २ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२ मिति २०७७।०४।०१ को पत्रमा उल्लेख भए अनुसार यस नलगाड नगरपालिकामा लोकसेवा आयोगबाट सिफारिस भई आएका नवनियुक्त स्थायी कर्मचारीको (प्रशासन तथा प्राविधिक) को लागि वार्षिक कार्यसम्पादन मूल्यांकन फर्मको ढाँचा स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३** : यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम -२ (NCCSP–2) को बजेट शीर्षक नं. ३२९००१०१ बाट योजना तथा कार्यक्रम कार्यान्वयनको लागि सम्झौता पत्रमा नगर प्रमुख श्री टेक बहादुर रावल र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंहलाई हस्ताक्षर गर्न निर्देशन दिने र उक्त सम्झौता पत्रमा उल्लेखित योजना तथा कार्यक्रमहरु आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा विविध कारणले भुक्तानी हुन नसकेको तपसिलमा उल्लेखित (चालुगत र पुजीगत) शीर्षकको रु. ५६,२०,०५४।० अक्षरुपी छपन्न लाख वीस हजार चौवन्न मात्र दायित्व सिर्जना भएको रकम आर्थिक वर्ष २०७७।७८ बाट भुक्तानी गर्ने गरी भुक्तानी दिन बाँकी विवरण स्वीकृत गर्ने सर्वसम्मत निर्णयहरु गरियो ।

तपसिल

| क्र.स. | बजेट उपशीर्षक | योजना तथा कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम रु. | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|
| १ | ३११५१ | उखाले देखि तल्लुसम्म सडक निर्माण योजना | उखाले देखि तल्लुसम्म सडक निर्माण उ.स. | १०,००,०००।० | आ.व.को अन्त्यमा उच्च कार्यवोझ भएको हुँदा तोकिएको समयमा को.ले.नि.का. पेश नहुनु । |
| २ | २१११२ | पदाधिकारी सेवा सुविधा | नगर सभाका ६९ जना सदस्यहरु | ३१,६०,०००।० | राजश्व बाँडफाँटको रकम अपुग भएकोले |
| ३ | | बाउसेखोला देखि खाल्चौरसम्म सडक निर्माण योजना | बाउसेखोला देखि खाल्चौरसम्म सडक निर्माण उ. स. | ६,५०,०००।० | तोकिएको भन्दा वढी कार्यसम्पन्न र योजनामा रकम अपुग भएको |
| ४ | २११११ | विद्यालय स्वयंसेवक शिक्षक तलव | जानकी मा.वि. मैदे | १,१९,२११।० | कर्णाली प्रदेश सामाजिक विकास कार्यालयबाट निकासा ढिलो प्राप्त |
| ५ | २११११ | विद्यालय स्वयंसेवक शिक्षक तलव | नेरा. मा.वि. औलगुर्ता | १,१९,२११।० | कर्णाली प्रदेश सामाजिक विकास कार्यालयबाट निकासा ढिलो प्राप्त |
| ६ | २११११ | कृषि तथा पशुप्राविधिकको तलव भत्ता | ५ जना प्राविधिक कर्मचारी | २,८८,६००।० | कागजपत्र पेशमा ढिलाई |
| ७ | २११११ | तलवभत्ता | का.स. सशे कामी | १५,०००।० | भुलचुक कारण |
| ८ | २११११ | तलवभत्ता | वालविकास सहयोगी कार्यकर्ता ४८ जना | २,६८,०३२।० | भुलचुक कारण |
| **जम्मा भुक्तानी बाँकी रकम रु.** | | | | **५६,२०,०५४।०** | |

**निर्णय नं. ५:** यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा विविध कारणले भुक्तानी हुन नसकेको तपसिलमा उल्लेखित (चालुगत र पुजीगत) खर्च शीर्षकबाट नेपाल सरकार तथा स्थानीय तहको कोषमा दाखिला गर्नुपर्ने विभिन्न करका रकम रु. २८,९४,९३७।० आर्थिक वर्ष २०७७।७८ बाट भुक्तानी गर्ने गरी भुक्तानी दिन बाँकी विवरण रकमहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णयहरु गरियो ।

तपसिल

| क्र.स. | उपशीर्षक नं. | करको उपशीर्षक | भुक्तानी पाउनेको नाम | दाखिला बाँकी रकम रु. | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|
| १ | ११११११ | अग्रिम आयकर | नेपाल सरकार राजश्व दाखिला | ६४४५७९।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| २ | | वहाल कर | नेपाल सरकार राजश्व दाखिला | १०,८९,४३२।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| ३ | | पारिश्रमिक कर | नेपाल सरकार राजश्व दाखिला | १,२७,४३९।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| ४ | | अन्य बहाल कर | स्थानीय तहको राजश्व खाता | ३०,७२०।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| ५ | | मूल्य अभिवृद्धि कर | नेपाल सरकार राजश्व दाखिला | ६,७४,५३८।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| ६ | | सामाजिक सुरक्षा कर | नेपाल सरकार राजश्व दाखिला | १,५७,६६१।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| ७ | | घर बहाल कर | स्थानीय तहको राजश्व खाता | १७०,५६८।० | आ.व.को अन्त्यमा उच्च कार्यबोझ हुँदा समयमा दाखिला हुन नसक्नु । |
| **जम्मा दाखिला गर्न बाँकी रकम रु.** | | | | **२८,९४,९३७।०** | |

**निर्णय नं. ६:** नलगाड नगरपालिकाको स्थानीय दररेट विविध कारणबस निर्धारण नभएको हुदाँ नलगाड नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) को नियम १४८ को उपनियम (१) बमोजिम जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित दररेट निर्धारण समितिले निर्धारण गरेको जिल्ला दररेटलाई नै आधार बनाई कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७** : कर्णाली प्रदेश सरकारको स्वीकृत कार्यक्रम अनुसार आर्थिक वर्ष २०७६।७७ मा विशेष अनुदान वापत नलगाड नगरपालिका वडा नं. ९ को **तात्रागाढ बास्कोट कृषि सडक योजनामा** रु. ३०,००,०००।० अक्षरुपी तीस लाख बजेट विनियोजन भएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण नेपाल सरकार (मन्त्रिपरिषद) विभिन्न मितिको निर्णय बमोजिम मुलुक लकडाउन (बन्दावन्दी) हुँदा वारम्वार वोलपत्र दाखिलाको समयावधि थप गर्नु परेको अवस्थामा **रमण निर्माण सेवा एण्ड सप्लायर्स, खलंगा-७ जाजरकोटसँग** आर्थिक वर्ष २०७६।७७ मा निर्माण सम्पन्न हुने गरी रु. **११,६९,८०२।३३ अक्षरुपी एघार लाख उनान्सत्तरी हजार आठसय दुई रुपैयाँ र तेत्तिस पैसाको** लागतमा सम्झौता भई योजना निर्माणको चरणमा रहेको अवस्थामा भौगोलिक रुपमा विकट यस नगरपालिकामा निर्माण सामाग्रीहरुको अभावले उक्त योजनाको निर्माणमा प्रत्यक्ष असर परी आर्थिक वर्ष २०७६।७७ मा उक्त योजना निर्माणको कार्यसम्पन्न हुन नसकेकोले नलगाड नगर कार्यपालिकाको कार्यालय र निर्माण व्यवसायी वीचको सम्झौता अवधि ६ महिना थप गर्न नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

अधिकृत